नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-

चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति:२०८२/१२/१९

## सामाजिक सुरक्षा कोषमा आवद्ध हुन बाँकी रोजगारदाता र श्रमिकहरुलाई सूचना:

श्रम ऐन, २०७४ को दफा ५२ को उपदफा (२) र दफा ५३ को उपदफा (२) बमोजिम श्रमिकको सञ्चय कोष र उपदान वापतको रकम सामाजिक सुरक्षा कोषमा नै जम्मा गर्नुपर्ने कानुनी व्यवस्था विद्यमान रहेको सन्दर्भमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १९ बमोजिम श्रम ऐन, २०७४ लागु हुने क्षेत्रका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि २०७६ कार्तिक २६ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरिएको र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, निगम, वोर्ड, प्राधिकरण वा अन्य यस्तै कुनै निकायहरुलाई २०८२ वैशाख १ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सामाजिक सुरक्षा कोषमा आवद्ध हुनका लागि सूचित गरिएकोमा हालसम्म पनि उल्लिखित क्षेत्रका कतिपय प्रतिष्ठान तथा निकायहरु कोषमा आवद्ध नभएको हुँदा आवद्ध हुन बाँकी सम्पुर्ण प्रतिष्ठान तथा निकायहरुलाई यथाशीघ्र कोषमा आवद्ध हुन मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोन:- ११४१, ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेब साईट:- www.moless.gov.np

## नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १९ बमोजिम सामाजिक सुरक्षा कोष सञ्चालक समितिको सिफारिसमा देहायको क्षेत्रका रोजगारदाताले देहायको मितिले तीन महिनाभित्र सामाजिक सुरक्षा कोषमा सूचीकृत हुनको लागि सामाजिक सुरक्षा कोषले तयार गरेको अनलाइन कम्प्युटर प्रणाली मार्फत निवेदन दिनु पर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) काठमाडौं उपत्यका भित्रका रोजगारदाता र सबै श्रमिक आपूर्तिकर्ताले संवत् २०७५ मंसिर ६ गतेको मितिले,

(ख) काठमाडौं उपत्यका बाहेक प्रदेश नं. ३ को अन्य स्थानका रोजगारदाताले संवत् २०७५ मंसिर १५ गतेको मितिले,

(ग) प्रदेश नं. १ का रोजगारदाताले संवत् २०७५ पुस १ गतेको मितिले,

(घ) प्रदेश नं. २ का रोजगारदाताले संवत् २०७५ पुस १५ गतेको मितिले,

(ङ) गण्डकी प्रदेश र प्रदेश नं. ५ का रोजगारदाताले संवत् २०७५ माघ १ गतेको मितिले,

(च) कर्णाली र सुदुरपश्चिम प्रदेशका रोजगारदाताले संवत् २०७५ माघ १५ गतेको मितिले ।

**द्रष्टव्य** : माथि उल्लेख भए बमोजिम रोजगारदाता सूचीकरण भएको मितिले तीन महिना भित्र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २० बमोजिम रोजगारदाताले आफूले नियुक्त गरेको वा रोजगार सम्बन्ध कायम गरेको व्यक्तिलाई सूचीकरण गराउनु पर्नेछ ।

**आज्ञाले**
**रामप्रसाद घिमिरे**
**नि. सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३

# भाग ५

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

## सूचना

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २ को खण्ड (ज) र दफा ७ ले दिएको अधिकार प्रयोग गरी योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम २ को खण्ड (घ) बमोजिमको सरकारी कोष (प्रदेश सरकार वा स्थानीय तहको सञ्चित कोष, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष) बाट पारिश्रमिक पाउने (प्रचलित कानून बमोजिम निवृत्तभरण पाउने बाहेक) व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचीकृत गरी निजहरुले खाईपाई आएको तलबको कम्तीमा साठी प्रतिशतलाई आधारभूत तलब मानी त्यसको बिस प्रतिशत रोजगारदाताबाट र एघार प्रतिशत योगदानकर्ताको तर्फबाट जम्मा गर्नु पर्ने गरी सामाजिक सुरक्षा योजनामा सहभागी गराउने गरी मिति २०८१।१२।१५ मा निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**डण्डुराज घिमिरे**
**नि. सचिव नेपाल सरकार ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.७|-
गो.द्वु.व.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।